मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/११)**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०९/०५, च.नं. २२६ को पत्रानुसार यस मेलम्ची नगरपालिका भित्र आ.व. २०७७/७८ मा संचालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमका निम्ति तपसिलको पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५(पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजश्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क. सं | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ९/०७७/०७८ | पोषण स्वयंसेवक | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव :**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ।सामुदायिक परिचालनको क्षत्रमा कम्तीमा २ वर्ष अनुभव हासिल गरेकालाई प्राथमिकता दिने ।

(ख उमेर मिति २०७७/०९/२५ मा २१ वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ग) सम्बन्धित स्थानीय तहमा बसोबास गरेको हुनु पर्नेछ ।

(घ) महिला उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

(ङ) प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ ।

**२. दरखास्त बुझाउने स्थान** : मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक । दरखास्त फाराम मेलम्ची नगरपालिकाको कार्यालय वा कार्यालयको वेभसाइट www.melamchimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**३. दरखास्त दस्तुर बुझाउने स्थान**: यस कार्यालयको नेपाल बैंक लिमिटेड, मेलम्ची शाखा, सिन्धुपाल्चोकमा रहेको आन्तरिक राजश्व खाता नं १६८०३००००१००१००००१ मा रकम जम्मा गरिएको भौचर वा कार्यालयमा रहेको राजश्व काउन्टर मा रकम जम्मा गरेको रसिद पेश गर्नु पर्नेछ ।

**४. दरखास्त बुझाउने अन्तिम मिति** : २०७७/०९/२५ गते बेलुका ५:०० बजे सम्म ।

**५. आवेदन दस्तुर**: पोषण स्वयंसेवकको लागि रु ३००/-(तीन सय रुपैयाँ) मात्र।

**६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** :

- क. व्यहोरा खुलेको निवेदन
- ख. व्यक्तिगत विवरण
- ग. शैक्षिक योग्यताको प्रमाण-पत्र भएमा सोको प्रमाणित प्रतिलिपि .
- घ. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- ङ. कामको अनुभव भए सोको प्रमाणित प्रतिलिपी

**७. सेवा तथा सुविधाहरु** : तोके बमोजिम हुनेछ ।

**८. करार अवधी** : २०७८ असार मसान्त सम्म ।

**९. छनोटको तरिका**: प्रारम्भिक योग्यताक्रमको सुची र अन्तर्वार्ता ।

**१०.थप जानकारीको लागि** : प्रशासन शाखा, मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक वा सम्पर्क नं. ९८५११७१९१८

2066/08/10

..................
सदस्य-सचिव
पदपूर्ति समिति

फोन नं :०११-४०११४१, ०११-४०११४२, ०११ वेबसाईड :www.melamchimun.gov.np ई-मेल dms.melamchimun@gmail.com

"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, पर्यटन,उद्योग र जलाधार"